आज मिति २०७५ साल कार्तिक १९ गते सोमवारका दिन यस नरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | **<u>अनुपस्थित</u>** |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **<u>कार्यकारीणी सदस्यहरु</u>** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| उप सचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |

**<u>निर्णय नं १:</u>** आ.व.२०७४/०७५ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत भई छलफल भयो । आन्तरिक लेखा परीक्षकबाट दिइएका सुधार सम्बन्धी सुझाव र देखाइएका कैफियतहरु अन्तिम लेखा परीक्षण हुनु अगावै सुधार गरी स्रेस्ता अद्यावधिक गरी राख्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै आवश्यक सहयोग र समन्वयका लागि सम्पूर्ण वडा समिति कार्यालय तथा सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२:</u>** आ.व.२०७३/०७४ को अन्तिम लेखा परीक्षणद्वारा औल्याइएका पेश्की तथा वेरुजुहरु फर्छ्यौट गर्ने प्रक्रियाका लागि अविलम्ब आवश्यक गृहकार्य गरी कागज प्रमाण तयार गरी जवाफ समेत लेखी, यस आ.व.मा महालेखा परीक्षकको कार्यालयबाट आ.व.२०७४/०७५ को अन्तिम लेखा परीक्षणको लागि आउने म.ले.प. डोर समक्ष सम्परीक्षणको लागि पेश गर्न आर्थिक प्रशासन शाखा तथा आन्तरिक लेखा परिक्षण तथा वेरुजु फर्छ्यौट शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>**: यस नगरपालिकाले आ.व.२०७५/०७६ देखि सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय प्रणालीमा आधारित नेपाल सरकारको आधिकारीक सफ्टवयर "स्थानीय संचित कोष व्यवस्थापन प्रणाली" (सुत्र) मा आधारित रही कारोवार संचालन गर्नु भनी तालुक मन्त्रालयबाट यस अघि नै परिपत्र भई सकेको हुँदा सोको यथाशिघ्र कार्यान्वयन तथा अभिलेखन गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>**: व्यास नगरपालिका वडा नं.२ स्थित श्री सत्यवती मा.वि.मा रिक्त रहेको प्रधानाध्यापक पदमा प्रधानाध्यापक नियुक्तिको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट त्यस विद्यालयका माध्यमिक तहमा अध्यापन गर्ने मा.वि. द्धितिय तहका शिक्षक श्री इन्द्रप्रसाद पौडेललाई हाललाई आगामी ३ वर्षसम्मको लागि प्रधानाध्यापक नियुक्ति गर्न सिफारिस भई आएको हुनाले समितिको सिफारिस बमोजिम नै शिक्षक श्री इन्द्रप्रसाद पौडेललाई नियुक्ति गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.५:</u>** चालु आ.व.२०७५/०७६ को लागि सडक वोर्ड नेपालको अनुदान र यस नगरपालिकाको पारस्परिक कोष समेत संयुक्त लगानीमा संचालन गर्ने गरी योजना तथा प्राविधिक शाखाबाट प्रस्ताव भई आएका वडा नं.५ को उदय मार्ग तथा पतेनी क्षेत्रको आन्तरिक सडक मर्मत र बाँकी वडा नं १, २, ३ र ४ का (प्याच अप) रिसिलिङ्ग सम्बन्धी आयोजनाहरु सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>**: आ.व.२०७४/०७५ मा नै कार्यारम्भ भई अधुरो रहेका विभिन्न वडाका वडा समिति कार्यालयहरुको लागि आवश्यक न्यूनतम पूर्वाधार निर्माणको कार्यहरु सम्पन्न गरी यसै आ.व.बाट कार्य संचालन प्रारम्भ गर्न सक्ने गरी निर्माण सम्बन्धी कार्यको ठेक्का बन्दोवस्तीको लागि अविलम्ब प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>**: उपप्रमुख श्री मिरा जोशीको नेतृत्वमा भएको स्थानीय बजारको, बजार अनुगमन प्रतिवेदन उपर भई छलफल भयो । उपभोक्ताहरुको हितलाई ध्यानमा राखी बजार मुल्य नियन्त्रण र गुणस्तर कायम हुन सक्ने गरी अझ प्रभावकारी रुपमा बजारको अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**<u>निर्णय नं.८</u>**: यस नगरपालिकाबाट सम्पादन हुने दैनिक सेवा, प्रवाह लगायत नियमित रुपमा हुने विकास निर्माण सम्बन्धी गतिविधिहरु समेटेर चौमासिक रुपमा व्यास नगर बुलेटिन प्रकाशन गर्ने निर्णय गरियो र सो कार्यका लागि शाखा अधिकृत श्री मेघनाथ आचार्य, प्रमुख सम्पादक रहने गरी निम्नानुसारको सम्पादक मण्डल गठन गर्ने निर्णय गरियो ।

श्री मेघनाथ आचार्य

श्री गोकर्णराज वाग्ले

श्री विशाल पण्डित

श्री विमल गिरी

श्री प्रदिप काफ्ले

**निर्णय नं.९**: यस व्यास नगरपालिकाद्वारा सचालन हुने भौतिक निर्माण एवं मानव संसाधन सम्बन्धी विकासका गतिविधिहरु विगतका वर्षहरुमा समेत नियमित रुपमा स्थानीय स्तरबाट प्रकाशन हुने पत्र पत्रिकाहरुमा प्रकाशित गरी सम्पूर्ण नगरवासीहरु लगायत आम सरोकारवालाहरुलाई यस नगरपालिकाबाट सम्पादन हुने विभिन्न गतिविधिहरु सम्बन्धमा सुसुचित गर्नुका साथै स्थानीय पत्र पत्रिकाहरुको स्तरोन्नतिमा टेवा पुर्‍याउदै पत्रकारिता जगतको प्रर्वद्धन समेत गर्दै आइएकोमा चालु आ.व. मा पनि नगर गतिविधि प्रकाशन एवं प्रशारण कार्यलाई अझ खोजमूलक, प्रभावकारी एवं परिष्कृत र पारदर्शी गराउँदै एउटा पूर्ण पारदर्शी एवं प्रविधि युक्त सूचना प्रवाह प्रणालीको विकास प्रक्रियालाई वढावा दिने उद्देश्यका साथ पत्र पत्रिका एवं अन्य विद्युतीय समाचार माध्यमहरुबाट गतिविधि प्रकाशन तथा प्रसारण सम्बन्धी प्रस्ताव सहितको आवेदन पेश गर्न सूचना प्रकाशित गरिएकोमा विभिन्न पत्रपत्रिका तथा अन्य विद्युतीय संचार माध्यमहरुबाट दर्ता हुन आएका प्रस्ताव सहितको आवेदनहरु उपर छलफल गरियो । सो सम्बन्धमा यस आ.व. को लागि आवेदन दर्ता हुन आएका पत्रपत्रिकाहरुसँग सम्झौता गरी विगतमा विद्यमान गतिविधि प्रकाशन सम्बन्धी परम्परा भन्दा पृथक रुपमा अझ खोजमूलक एवं सन्देशमूलक तथा तथ्य परक रुपमा गतिविधिहरुका समाचारहरु संकलन, सम्पादन र प्रकाशन समेतको नयाँ परम्पराको थालनी हुने गरी गतिविधिहरु प्रकाशन गर्ने गराउने निर्णय गरियो । साथै सो वापत सूचना बमोजिम आवेदन दर्ता गर्ने हाललाई प्रत्येक पत्रिकाहरुलाई गतिविधि प्रकाशनको आधारमा प्रति हप्ता रु.१२००। (अक्षेरुपी एक हजार दुई सय रुपैयाँ) मात्र उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०**: भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको प्राविधिक सहयोगमा नगरपालिकाद्वारा लिइएको आर्थिक सामाजिक सर्वेक्षणको प्रारम्भिक तथ्यांकको विश्लेषण गर्ने तथा संकलन गर्न बाँकी संस्थागत तथ्यांक संकलन एवं विश्लेषण गरी आर्थिक तथा सामाजिक सर्वेक्षणको तथ्यांक विश्लेषण सम्बन्धी एकिकृत प्रतिवेदन तयार गर्न एकाउन्टविलिटि इनिसियटिभ प्रा.लि. (यकिन) ले पेश गरेको रु.३,९१,६०७। (अक्षेरुपी तिन लाख एकानव्वे हजार छ सय सात रुपैयाँ) को प्रस्ताव स्वीकृत गरी उल्लेखित फर्मसँग सम्झौता गरी कार्यदेश दिने निर्णय गरियो ।

**निर्णय नं.११**: तनहुँ जलविद्युत आयोजनाको यस नगरपालिका क्षेत्र अन्तर्गतका प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि सामाजिक परिचालन एवं पुन: स्थापना सम्बन्धी कार्यक्रमहरु संचालनको लागि स्थानीय सडक, खानेपानी, विद्यालय, नदी नियन्त्रण लगायत विभिन्न सिपमूलक एवं रोजगारमूलक कार्यक्रमहरु संचालन गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: यस नगरपालिकाको आवासीय क्षेत्रहरुलाई समयमानै व्यवस्थित बनाउदै एउटा आधुनिक शहरहरुको विकासमा टेवा पुर्‍याउन एकीकृत जग्गा विकासका आयोजनाहरु संचालनतर्फ नगरको उच्च प्राथमिकता रहनुपर्ने आवश्यकता बमोजिम नगरपालिकाका केही स्थानहरुमा यसै वर्षमा एकीकृत जग्गा विकास सम्बन्धी कार्यहरु अगाडि बढाउने गरी चालु आ.व.को बजेट नीति तथा कार्यक्रममा विनियोजन गरिएको परिप्रेक्ष्यमा आगामी मंसिर महिनाको दोस्रो साता भित्र सो सम्बन्धी आयोजना संचालन भई सकेका राजधानी र सो वरपरका जिल्लाहरुमा अध्ययन अवलोकन भ्रमण गर्न, एकिकृत जग्गा विकास कार्यक्रम गर्ने गरी प्रस्ताव गरिएका विभिन्न स्थानहरुका उपभोक्ताहरुका प्रतिनिधिहरु समेत यस नगरपालिकाका पदाधिकारीहरु संलग्न प्रतिनिधि मण्डलहरुको अवलोकन भ्रमणको लागि तयार गरिएको रु.१,७६,०००। (अक्षेरुपी एक लाख छयात्तर हजार) रुपैया को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।